नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार

# प्रेस विज्ञप्ति

माननीय रक्षामन्त्री डा. मीनेन्द्र रिजालसँग मिति २०७८/०७/२३ गते तदनुसार November 9, 2021 का दिन संयुक्त राष्ट्रसंघ प्रधान कार्यालयका सहायक महासचिव Mr. Christian Saunders ले रक्षा मन्त्रालय, सिंहदरबारमा शिष्टाचार भेटघाट गर्नुभयो । प्रारम्भमा माननीय रक्षामन्त्रीज्यूले सहायक महासचिव श्री Saunders लाई स्वागत गर्नुको साथै भेटघाट कार्यक्रमको लागि धन्यवाद व्यक्त गर्नु भयो । सो अवसरमा मा. मन्त्रीज्यूले संयुक्त राष्ट्रसंघको तर्फबाट नेपाललाई प्राप्त सबै प्रकारका सहयोग एवं सद्भावका लागि कृतज्ञता ज्ञापन गर्नुको साथै UN को कदममा साथ दिन नेपाल प्रतिबद्ध रहेको कुरा व्यक्त गर्नुभयो । त्यसैगरी, Quadrennial Survey का लागि नेपाललाई छनौट गरिएकोमा संयुक्त राष्ट्रसंघ प्रति धन्यवाद ज्ञापन गर्नुभयो । उक्त सर्भेलाई सफल रूपमा सञ्चालन गर्न नेपाल सरकारको तर्फबाट पुऱ्याउनुपर्ने सबै सहयोग उपलब्ध गराउने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो ।

यसै अवसरमा सहायक महासचिव Mr. Christian Saunders ले UN प्रति नेपालले गरेका सबै सहयोगको लागि कृतज्ञता ज्ञापन गर्दै खासगरी UN Peace Keeping Mission मा नेपालको योगदान अविस्मरणीय रहेको कुरा व्यक्त गर्नुभयो । Second Largest Troop Contributing Country को रूपमा नेपालले अन्तर्राष्ट्रिय जगतमै पहिचान बनाएको र नेपाली Peace Keepers हरू व्यावसायिक एवं इमान्दार रहेको कुरा उल्लेख गर्नुको साथै, नेपालले प्राप्त गर्नुपर्ने सोधभर्ना प्राप्तिमा UN को आर्थिक समस्या, खासगरी सदस्य राष्ट्रले UN लाई गर्नुपर्ने वित्तीय योगदान पूरा नगर्दा समस्या भएको भए तापनि उक्त अवस्थामा सुधार भएकोले निकट भविष्यमा सोध भर्ना प्राप्त हुने विश्वास दिलाउनु भयो । साथै, उहाँले Peace Keeping Operation मा महिला सहभागीता बढाउनुपर्ने र नेपालसँग सहकार्य गर्ने UN को चाहना रहेको कुरा उल्लेख गर्नुभयो ।

सो अवसरमा मा.रक्षामन्त्री डा. मीनेन्द्र रिजालले १० हजारको संख्यामा Peace Keeping Troops पठाउन नेपाल सक्षम रहेको, सोको निमित्त नेपाली सेनाको व्यावसायिकता एवं तालिमका लागि नेपाल सरकारले उच्च प्राथमिकता दिएको साथै, वीरेन्द्र सैनिक तालिम केन्द्रलाई Center of Excellence बनाउने गरी पूर्वाधार लगायतका कार्यहरू अघि बढाइएको कुरा उल्लेख गर्नुभयो । नेपालले Peace Keeping Operation मा नेतृत्वदायी एवं व्यवस्थापकीय पदहरू ज्यादै कम प्राप्त गरेकोले यस विषयलाई विचार गरी बढी पदहरू उपलब्ध गराउने विषयमा आगामी दिनमा UN ले ध्यान दिने विश्वास व्यक्त गर्नु भयो । सो अवसरमा सहायक महासचिव Mr.Christian Saunders ले नेपालले नेतृत्वदायी तथा व्यवस्थापकीय पदमा पदाधिकारी मनोनयन गर्दा पदको आवश्यकता बमोजिम योग्यतम व्यक्ति मनोनयन गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

अन्त्यमा मा.मन्त्रीज्यूले आगामी December 7-8,2021 मा कोरियामा हुने 4th UN Peacekeeping Ministerial बैठकमा रक्षामन्त्रीको नेतृत्वमा नेपालको सहभागिता रहने र सो बैठकमा नेपालको तर्फबाट आगामी दिनमा गर्ने योगदान सहितको Pledger हरू व्यक्त गरिने कुरासमेत उल्लेख गर्नु भयो । साथै, UN महासचिवको Vision बमोजिमको UN Peacekeeping Operation लाई प्रभावकारी बनाउन नेपालको तर्फबाट सबै प्रकारको सहयोग तथा सहभागीता रहने विश्वास दिलाउनु भयो । अन्त्यमा सहायक महासचिव श्री Saunders ले Peace Keeping लगायत अन्य सम्बद्ध सबै विषयमा UN ले नेपालसँग थप घनिष्ट सम्बन्ध स्थापित गरी सहकार्य गर्न चाहेको कुरा व्यक्त गर्दै आफू नेपालबाट फर्किएपछि Peace Keeping Operation मा नेपालले प्राप्त गर्नुपर्ने नेतृत्वदायी एवं व्यवस्थापकीय पदहरूको विषयमा पहल गर्ने विश्वास दिलाउनु भयो ।

रक्षा मन्त्रालय
सिंहदरबार
२०७८/०७/२३

कृष्ण प्रसाद ज्ञवाली
सहसचिव एवं प्रवक्ता